# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ५ भागः २ संख्याः १९, मितिः २०७९/१२/१३ गते


### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## चन्द्रकोट गाउँपालिकाको संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन) २०७९

चन्द्रकोट गाउँपालिकाको संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७९लाई संशोधन गर्न वाञ्छनीय भएकोले चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाले यो संशोधित कार्यविधि बनाएको छ।

१. <u>सक्षिप्त नाम र प्रारम्भ :</u>१ यो कार्यविधिको नाम "चन्द्रकोट गाउँपालिकाको संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन) २०७९"रहेको छ।

२. **चन्द्रकोट गाउँपालिकाको संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन) २०७९**

क. कार्यविधिमा दफा १४ थप गरीउक्त दफामा 'सहयोग गर्न सकिनेः समुदाय स्तरमा संचालित संस्थाहरुको प्रबर्धन, विकास र विस्तारका लागि गाउँपालिकाले विभिन्न कार्यक्रमहरु बनाई आर्थिक, भौतिक तथा व्यवस्थापकीय सहयोग गर्न सक्नेछ।'भन्ने वाक्यांश राखिएको छ। यसैगरी सोही कार्यविधिमा रहेको दफा १४ लाई जस्ताको तस्तै दफा १५ र दफा १५ लाई दफा १६ बनाई ती दफाहरुमा भएका व्यवस्थाहरुलाई यथावत राखिएको छ।

आज्ञाले
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत